सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३४४ ♦ २०८३ साल भदौ २० शनिवार ♦ 5 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# नौ दिन आमाको आँखामा आँसु, छोरीको आँखामा बाबुको प्रतीक्षा; जन्माष्टमीमा फर्किए सञ्जय

**खबर दर्पण समाचारदाता**
**भदौ १९ गते, वर्दिवास**




नौ दिनसम्म घरको आँगन उस्तै थियो। भित्तामा टाँसिएका तस्बिर उस्तै थिए । साढे दुई वर्षकी सुन्दिरा साह पनि उस्तै थिइन् । फरक यति थियो–उनका बाबु सञ्जय साह घरमा थिएनन् । बाबु कहाँ छन् भन्ने कुरा बुझ्ने उमेर सुन्दिराको थिएन । तर, बाबु घरमा नभएको महसुस गर्ने उमेर भने भइसकेको थियो । परिवारका सदस्यले उनलाई बाबुको कुरा सुनाउँदा वा तस्बिर देखाउँदा उनी के सोच्थिन्, त्यो उनी बताउन सक्दिनथिन् । तर, परिवारका लागि उनको अनुहार मा देखिने त्यो अबोध प्रतीक्षा नौ दिनसम्म सबैभन्दा पीडादायी दृश्य बन्यो ।

यता सुन्दिराकी हजुरआमा कपुरदेवी साहको अवस्था झन् फरक थियो। छोरा सञ्जयको कुनै खबर नपाएपछि नौ दिन उनका लागि नौ वर्षजस्तै बने ।

भदौ १० गते बिहानसम्म सञ्जयसँग कुरा गरिरहेकी कपुरदेवीलाई त्यसपछि छोराको आवाज सुन्न पाइएन । बिहान करिब ७ बजे भएको त्यो भिडियो कल नै सञ्जयसँग परिवारको अन्तिम सम्पर्क थियो । भिडियो कलमा सञ्जय सामान्य देखिन्थे । परिवारसँग कुरा गरिरहेका थिए । आफू काम गर्ने सुरुङभित्र रहेका मेसिन देखाउँदै थिए । कुराकानी भइरहेकै बेला मोबाइल अचानक बन्द भयो ।

त्यसपछि सुरु भयो एउटा आमाको बेचैनी ।

सञ्जय सुरुङभित्र फसेको खबर पाएपछि कपुरदेवीले आफ्नो मनलाई सम्झाउने प्रयास गरिन् होला–छोरा सुरक्षित होला, उद्धार टोली पुग्ला, केही समयपछि फोन आउला । तर, घडीको काँटा घुम्दै गयो । दिन बित्दै गए । रात पर्‍यो । फेरि बिहान भयो । तर, छोराको खबर आएन ।

घरमा खाना पाक्थ्यो, तर खाने मन कसैलाई थिएन ।

तिलाठी कोइलाडी गाउँपालिका-४ का वडाध्यक्ष मुनिलाल मुखियाका अनुसार भदौ १० गतेदेखि सञ्जयकी आमा, बुबा र बहिनीले राम्रोसँग खाना समेत खान सकेका थिएनन् ।

“उहाँहरू निकै चिन्तामा हुनुहुन्थ्यो। खाना खानसमेत सक्नुभएको थिएन,” मुखियाले भने ।

सञ्जयकी १९ वर्षीया बहिनी सुधा साहका लागि पनि ती नौ दिन सजिला थिएनन्। दाजुसँग अन्तिमपटक भिडियो कलमा भएको कुराकानी उनको मनमा बारम्बार आइरहन्थ्यो । केही मिनेटअघिसम्म सामान्य रूपमा कुरा गरिरहेका दाजुको मोबाइल अचानक बन्द भएको क्षण उनले बिर्सन सकेकी थिइनन् ।

तर, शुक्रबार बिहान करिब ९:२८ बजे आएको एउटा फोनले नौ दिनदेखि थामिएको सास फेरि चलायो ।

नातामा दाजु पर्ने देवनारायण साहले फोन गरेर सञ्जयको सकुशल उद्धार भएको खबर सुनाए ।

एकछिन परिवारले पत्याउनै सकेन ।

नौ दिनसम्म कुनै खबर नआएपछि “सञ्जय सुरक्षित छन्” भन्ने एउटा वाक्य सुन्न पाउनु मात्र पनि उनीहरूका लागि पर्याप्त थिएन । उनीहरूलाई आफ्नै आँखाले सञ्जयलाई हेर्नु थियो ।

उद्धारको भिडियो परिवारसम्म पुग्यो ।

भिडियोमा सञ्जय देखिए ।

जिउँदै । सुरक्षित । सामान्य अवस्थामा ।

त्यो दृश्य हेरेपछि परिवारका आँखाबाट आँसु झरे । तर, ती आँसु पीडाका थिएनन्, राहतका थिए ।

“हामीले दाजुलाई भिडियोमा देख्यौँ । उहाँ सामान्य हुनुहुन्छ । कुनै

बाँकी पृष्ठ ३ मा

# अजयको पर्खाइमा १० दिन : काखमा दुईमहिने शिशु, आँखामा आँसु

**खबर दर्पण समाचारदाता**
**भदौ १९ गते, वर्दिवास**



भदौ १० गते रसुवाको भोटेकोसी नदीमा आएको विनाशकारी बाढीमा परी बेपत्ता भएका कतिपय व्यक्तिका परिवारले १० दिन बितिसक्दा पनि आफ्ना आफन्तको सास वा लासको अत्तोपत्तो पाउन सकेका छैनन् । आफन्त जीवित छन् कि छैनन् भन्ने अन्योलमा कैयौं परिवार दिनरात चिन्तामा छन् ।

त्यही अन्योलमा छिन् धनुषाको कमला नगरपालिका-६ की पूजा साह । उनका श्रीमान् अजयप्रसाद सिंह रसुवास्थित डुसान हाइड्रो पावरको अपर त्रिशूली परियोजनामा इन्जिनियर का रूपमा कार्यरत थिए । भोटेकोसीमा बाढी आउनुभन्दा केही मिनेटअघिसम्म अजयले श्रीमतीसँग भिडियो कलमा कुरा गरेका थिए। त्यसपछि भने उनीसँग कुनै सम्पर्क हुन सकेको छैन ।

दुई महिनाअघि मात्र सन्तान जन्माएकी पूजा अहिले श्रीमान्को खोजीको प्रतीक्षामा छिन् । काखमा सानो बच्चा छ, तर मन भने रसुवातिर छ–जहाँबाट १० दिनदेखि श्रीमान्को कुनै खबर

बाँकी पृष्ठ २ मा

# तिनकौरियाबाट १८ महिने बालक बेपत्ता

**खबर दर्पण समाचारदाता**
**भदौ १९ गते, वर्दिवास**

धनुषाको तिनकौरियाबाट १८ महिने बालक बेपत्ता भएपछि प्रहरीले खोजी तथा अनुसन्धानलाई तीव्र बनाएको छ ।

तिनकौरिया निवासी कमलेश महतोका १८ महिने छोरा सिद्धांश महतो बेपत्ता भएपछि परिवारले प्रहरीलाई जानकारी गराएको थियो। जानकारी प्राप्त हुनासाथ प्रहरीले बालकको खोजी सुरु गरेको जनाएको छ ।

प्रहरीका अनुसार घटनास्थल आसपासमा रहेका सीसीटीभी क्यामेराको फुटेजमा एक महिलाले बालकलाई लिएर गएको देखिएको छ । उक्त दृश्यका आधारमा प्रहरीले बालकलाई लिएर जाने महिलाको पहिचान तथा सम्भावित गन्तव्यबारे अनुसन्धान अघि बढाएको जनाएको छ ।

बालकको खोजीका लागि प्रहरीले तालिमप्राप्त कुकुर सहितको टोली परिचालन गरेको छ । खोजी टोलीले तिनकौरिया आसपासका क्षेत्रका साथै सम्भावित स्थानमा खोजी गरिरहेको प्रहरीले जनाएको छ ।

बालकलाई सीमावर्ती क्षेत्रतर्फ लैजाने सम्भावनालाई समेत ध्यानमा राख्दै प्रहरीले सीमा नाका तथा आसपासका क्षेत्रमा

बाँकी पृष्ठ ३ मा

# अजयको पर्खाइमा १० दिन..........

आएको छैन ।

"घटना भएको दिन ८ बजेर ५२ मिनेटमा उहाँको फोन आएको थियो। मैले रिसिभ गर्न सकिनँ। त्यसपछि मैले ८ बजेर ५५ मिनेटमा कल गरें। करिब ११ मिनेट भिडियो कलमा कुरा भयो," पूजाले भनिन्, "बुवाआमा र घरपरिवारका विषयमा कुरा भयो । उहाँ पनि सामान्य हुनुहुन्थ्यो । त्यसको केही समयपछि, करिब ९:१० बजे यस्तो विपद् आएको खबर सुन्यौं। त्यसपछि उहाँसँग सम्पर्क गर्ने प्रयास गरिरहेका छौं, तर अहिलेसम्म केही अत्तोपत्तो छैन ।"

त्यो अन्तिम भिडियो कल अहिले पूजाका लागि सम्झनाको सबैभन्दा ठूलो आधार बनेको छ। श्रीमान्सँग भएको अन्तिम कुराकानीका शब्दहरू उनको मनमा बारम्बार दोहोरिन्छन् । फोनको घण्टी बज्दा अजयकै खबर आएको हो कि भन्ने आशा पलाउँछ । तर, फेरि निराशा हात लाग्छ ।

घटना थाहा पाएपछि छिमेकी र आफन्तहरू पूजाको घरमा पुगेर उनलाई नआत्तिन र अजय सुरक्षित फर्किने आश्वासन दिन्छन्। तर, सान्त्वनाका शब्दले उनको मनको बेचैनी कम भएको छैन। आँखाबाट आँसु र ोकिएका छैनन् ।

अजयका चार दाजुभाइ, आमाबुबा र अन्य आफन्तसमेत उनको अवस्थाबारे जानकारी पाउन व्याकुल छन् । परिवार को एउटै चाहना छ–अजय जहाँ भए पनि सकुशल भेटिऊन् ।

सामाजिक सञ्जालमा सक्रिय पूजा पछिल्ला दिनमा आफ्नो पीडा पोख्ने माध्यमका रूपमा फेसबुकलाई समेत प्रयोग गरि रहेकी छन्। कहिले सरकारसँग खोजी तीव्र पार्न आग्रह गर्छिन्, कहिले राज्यका निकायलाई प्रश्न गर्छिन् र कहिले भगवान्सँग श्रीमानको जीवनको प्रार्थना गर्छिन् ।

"भगवान्, उहाँलाई जहाँ भए पनि सुरक्षित राखिदिनुहोस्," उनले फेसबुकमा लेखेकी छन्।

'सुरुङभित्र फस्नुभएको छ कि भन्ने आशा छ'

अजय बाढी आएको दिन पनि परियोजनाको क्याम्पमै कार्यरत थिए । त्यसैले उनी सुरुङभित्र फसेको हुन सक्ने सम्भावनाप्रति पूजा अझै आशावादी छिन् ।

"बाढी आएको दिन पनि उहाँ क्याम्पमै कार्यरत हुनुहुन्थ्यो । कतै सुरुङभित्र फसिरहनुभएको छ कि भन्ने आशा छ । त्यहाँ खोजी र उद्धार तीव्र गतिमा हुनुपर्ने हो," उनले भनिन् ।

अजय कार्यरत डुसान दपरियोजनाको व्यवस्थापन तथा सम्बन्धित कम्पनीले पनि बेपत्ता कामदारको खोजीमा पर्याप्त चासो र समन्वय गर्नुपर्ने उनको माग छ ।

"उहाँ कार्यरत कम्पनी कोरियन हो । कोरियन कम्पनीले पनि आफ्ना कामदारको खोजीमा गम्भीर भएर लाग्नुपर्छ," उनले भनिन् ।

डुसान पावर हाउस क्याम्पभित्र रहेका सबैजसो व्यक्ति सम्पर्कविहीन भएको खबरले आफू झनै मर्माहत भएको पूजाको भनाइ छ ।

"यस्तो गम्भीर अवस्थामा पनि डुसानको कार्यालय तथा व्यवस्थापन टिमबाट प्रभावकारी समन्वय र जानकारी आउन नसक्नु अत्यन्त दुःखद् र चिन्ताजनक छ," उनले भनिन्, "सम्बन्धित निकायले तत्काल खोज तथा उद्धार कार्यलाई अझ तीव्र बनाइदिनुपर्छ ।"



'सुत्केरी श्रीमतीलाई श्रीमानको खबर चाहिएको छ'

दुई महिनाअघि बच्चा जन्माएकी पूजा अहिले एकातिर नवजात शिशुको हेरचाह गरिरहेकी छन् भने अर्कोतिर श्रीमान्को खोजीको प्रतीक्षामा छिन् । सुत्केरी अवस्थामा रहेकी उनलाई अजयको अवस्थाबारे स्पष्ट जानकारी नहुँदा मानसिक पीडा थपिएको छ ।

घरमा आउने आफन्त र छिमेकीले बच्चालाई हेरेर पूजालाई सम्हाल्न खोज्छन्। तर , उनको ध्यान भने पटकपटक रसुवातिर पुग्छ ।

"हामीलाई उहाँको अवस्था के छ भनेर मात्रै भए पनि जानकारी चाहिएको छ । खोजबिनमा के भइरहेको छ, कहाँसम्म पुग्यो, कसरी समन्वय भइरहेको छ भन्ने जानकारी परि वारलाई दिनुपर्छ," उनको आग्रह छ ।

पूजाले मधेस प्रदेश सरकारले आफ्ना नागरिक बेपत्ता भएको घटनालाई गम्भीरतापूर्वक नलिएको गुनासोसमेत गरेकी छन् ।

"प्रदेश सरकारले खोइ त खोजबिनमा चासो लिएको ? लिनुपर्दैन ? हामी पीडित परि वारलाई 'यस्तो काम गर्दैछौं, यस्तो समन्वय भइरहेको छ' भनेर सान्त्वना दिनुपर्दैन ?" उनले प्रश्न गरिन् ।

उनका अनुसार प्रशासनमा अजय रसुवाको घटनापछि सम्पर्कविहीन भएको जानकारी सहित निवेदनसमेत दिइएको छ। तर, खोजी तथा उद्धारको प्रगतिबारे परिवारलाई नियमित जानकारी नदिएको उनको गुनासो छ ।

"हामीले आफ्नो मान्छे रसुवाको घटनामा परेर सम्पर्कविहीन भएको निवेदन दिएका छौं। तर , खोजबिनमा के हुँदैछ, कसरी समन्वय भइरहेको छ भन्ने जानकारी दिइँदैन," उनले भनिन्, "उल्टै पाँच-सात दिनपछि उहाँको फोटो, ठेगाना लगायतका विवरण फेरि सोधेर पीडित परिवारलाई झनै पीडित बनाउने काम भइरहेको छ ।"

पूजाको अर्को चिन्ता मधेस प्रदेशबाट रसुवाको बाढीपछि कति जना सम्पर्कविहीन छन् र कति जनाको मृत्यु भयो भन्ने यकिन विवरणसमेत सार्वजनिक हुन नसकेको विषयमा छ ।

दसौं दिनसम्म पनि अजयको अवस्था अज्ञात छ। तर, पूजाले आशा छाडेकी छैनन् ।

काखमा दुई महिनाको बच्चा छ। घरमा अजयका आमाबुबा र दाजुभाइ उनको खबर पर्खि रहेका छन्। र, पूजा हरेक दिन एउटै प्रार्थना दोहोऱ्याइरहेकी छन्–

"भगवान्, उहाँलाई जहाँ भए पनि सुरक्षित राखिदिनुहोस् । हामी उहाँको बाटो हेरेर बसेका छौं ।"

# प्याब्सन मिथिलाको भोटेकोसी बाढीपहिरो प्रभावितको लागि ८ लाख बढी सहयोग



**खबर दर्पण समाचारदाता**
**भदौ १९ गते, बर्दिवास**

धनुषाको मिथिला नगर पालिकामा सञ्चालित संस्थागत विद्यालयहरूको संगठन निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) मिथिला नगरपालिकाले भोटेकोसी बाढीपहिरो प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापना कार्यमा सहयोग पुऱ्याउन ८ लाख ८ हजार १०३ रुपैयाँ सहयोग गरेको छ ।

प्याब्सन मिथिला नगर पालिकाका अध्यक्ष रुद्रराज घिमिरेका अनुसार नगर क्षेत्रमा सञ्चालित १५ वटा संस्थागत विद्यालयले रकम संकलन गरी सहयोग गरेका हुन् ।

संकलित रकम प्याब्सनको केन्द्रीय कार्यालयमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने भएकाले प्याब्सन धनुषाका अध्यक्ष नवलकिशोर यादवलाई रकम हस्तान्तरण गरिएको अध्यक्ष घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार सहयोग गर्ने विद्यालयमध्ये चिल्ड्रेन गार्डेनले १ लाख ५१ हजार १११ रुपैयाँ, न्यू होराइजनले १ लाख २० हजार १०५ रुपैयाँ, लालगढ नमूना विद्यालयले १ लाख १६ हजार १५१ रुपैयाँ, सनफ्लावरले १ लाख १६ हजार १११ रुपैयाँ, विनायकले १ लाख १४० रुपैयाँ सहयोग गरेका छन् ।

त्यस्तै जनक इन्टरनेशनल एकेडेमीले ४३ हजार १५५ रुपैयाँ, ढल्केवर एकेडेमीले ४० हजार ५७० रुपैयाँ, नवदुर्गाले २६ हजार ५७५ रुपैयाँ, मिथिला शिक्षा सदनले २५ हजार ५५५ रुपैयाँ, ओसिस एकेडेमीले २७ हजार ५०५ रुपैयाँ, रामजानकी शिक्षा सदनले २१ हजार १२५ रुपैयाँ र नवक्षितिजले २० हजार रुपैयाँ सहयोग गरेका छन् ।

बाढीपहिरोबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि निजी विद्यालय क्षेत्रले पनि आफ्नो सामाजिक उत्तर दायित्वअन्तर्गत सहयोग गरेको अध्यक्ष घिमिरेले बताउनुभयो । रकम हस्तान्तरण कार्यक्रममा प्याब्सन मधेश प्रदेशका अध्यक्ष गणेश साहलगायतका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# नौ दिन आमाको आँखामा आँसु......

गम्भीर चोटपटक लागेको छैन । त्यसपछि मात्रै हामीलाई राहत भयो," सुधाले भनिन् ।

त्यो क्षण सबैभन्दा धेरै कपुरदेवीले महसुस गरिन् । नौ दिनसम्म मनमा बोकेको डर एकाएक हलुका भयो । छोराको अनुहार देखेपछि मात्र उनको मनले मानेको थियो–सञ्जय फर्किंदैछन् ।

छोरीका लागि बाबु फेरि आए

सञ्जयका लागि आफ्नो परिवारमा फर्कनु जति महत्वपूर्ण थियो, उनकी साढे दुई वर्षकी छोरी सुन्दिराका लागि बाबुको फर्काइ अझै विशेष थियो ।

सुन्दिराले नौ दिनसम्म बाबुलाई देख्न पाइनन् । बाबु किन घरमा छैनन् भन्ने कुरा सायद उनले बुझिनन् । तर, बाबु आएपछि हुने खुसी उनले अवश्य बुझ्नेछिन् ।

सञ्जय २०८० जेठ ३१ गते विवाह गरेका थिए । विवाहपछि उनको जीवनमा श्रीमती लक्ष्मी र छोरी सुन्दिरा थपिए । कामका कारण उनी लामो समय परियोजनास्थलमै रहन्थे । तीन वर्षदेखि सोही परियोजनामा मेकानिकल इन्जिनियरका रूपमा कार्यरत सञ्जयका लागि काम जीवनको एउटा महत्वपूर्ण हिस्सा थियो ।

तर, सुरुङभित्र बितेका ती नौ दिनले उनलाई परिवारको अर्थ अझ गहिरोसँग सम्झाएको हुन सक्छ ।

सञ्जयकी श्रीमती लक्ष्मी हाल सप्तरीको डाक्नेश्वरी नगरपालिका-स्थित कटैयामा माइतीघरमा छिन् । परिवारका अनुसार सञ्जयको उद्धारको खबर पाएपछि उनका बुबा रामफल साह, आमा कपुर देवी साह, ठूलोबुवालगायत परिवारका सदस्य काठमाडौंका लागि हिँडे ।

उनीहरू दिउँसो २ बजेको विमानमार्फत काठमाडौं जाने गरी सप्तरीबाट विराटनगरतर्फ लागेका थिए ।

सुरुङभित्र भगवान्को नाम

नौ दिनसम्म सुरुङभित्र फसेका सञ्जयले आफूले श्रीकृष्णको महामन्त्र जपेर बसेको बताएका छन् ।

संयोग पनि उस्तै रह्यो । उनलाई उद्धार गरिएको दिन श्रीकृष्ण जन्माष्टमी थियो ।

परिवारका लागि त्यो दिन अब केवल भगवान् श्रीकृष्णको जन्मोत्सव रहेन । उनीहरूका लागि त्यो सञ्जयले दोस्रो जीवन पाएको दिन बन्यो ।

एउटी आमाका लागि हराएको जस्तो भएको छोरा फर्किएको दिन ।

एउटी श्रीमतीका लागि पतिको सुरक्षित अनुहार देखेको दिन ।

र, साढे दुई वर्षकी एउटी छोरीका लागि–बाबु फेरि आउने खबर पाएको दिन ।

सञ्जयकी बहिनी सुधा आफ्नो दाजुको उद्धारपछि खुसी छिन् । तर , उनको खुसीसँगै चिन्ता पनि जोडिएको छ । सुरुङमा अझै फसेका अन्य व्यक्तिको सुरक्षित उद्धार होस् भन्ने उनको कामना छ ।

"मेरो दाजु सुरक्षित बाहिर निस्किनुभयो । अब सुरुङमा फसेका अरू व्यक्तिको पनि सकुशल उद्धार होस्," उनले भनिन् ।

सरकार र उद्धार टोलीको निरन्तर प्रयासले आफ्ना दाजुलाई नयाँ जीवन दिएको भन्दै उनले सबैप्रति कृतज्ञता व्यक्त गरिन् ।

नौ दिनसम्म सुरुङको अँध्यारोमा सञ्जयले जीवनको उज्यालो खोजिरहे । बाहिर उनकी आमा छोराको अनुहार सम्झिँदै दिन काटिरहिन् । परिवार प्रार्थनामा थियो । र, एउटी सानी छोरी शायद बाबुको बाटो हेर्न नसके पनि बाबुको अनुपस्थितिलाई महसुस गरि रहेकी थिइन् ।

शुक्रबार त्यो प्रतीक्षा टुंगियो ।

सञ्जय सुरुङबाट बाहिर आए ।

कपुरदेवीले छोरालाई फेरि देखिन् ।

र, सुन्दिराका लागि नौ दिनदेखि हराएको संसार फेरि फर्कियो–बाबुको संसार ।

श्रीकृष्ण जन्माष्टमीको दिन सञ्जयको उद्धार हुनु परिवारका लागि संयोग मात्र रहेन । उनीहरूका लागि त्यो दिन आशा, प्रार्थना र प्रतीक्षाले जितेको दिन बन्यो ।


# तिनकौरियाबाट.......

निगरानी बढाएको छ । सम्भावित नाकामा रहेका प्रहरी युनिटलाई समेत बालकको हुलियासहित आवश्यक जानकारी गराइएको प्रहरीले जनाएको छ ।

धनुषाका प्रहरी प्रमुख एसपी रुपेश खड्का आफैँ फिल्डमा खटिएर खोजी कार्यको नेतृत्व गरिरहनुभएको छ । प्रहरीले विभिन्न सम्भावित स्थानमा खोजी तीव्र पार्नुका साथै सीसीटीभी फुटेज तथा अन्य उपलब्ध सूचनाका आधारमा घटनाको अनुसन्धान गरिरहेको जनाएको छ ।

प्रहरीले बालकको अवस्था र घटनामा संलग्न व्यक्तिबारे अनुसन्धान जारी रहेकाले हालसम्म थप विवरण सार्वजनिक नगरेको जनाएको छ ।

प्रहरीले बालकबारे कुनै जानकारी प्राप्त भएमा तत्काल नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन आग्रह गरेको छ ।




**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।


सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

**मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा**



# रसुवा बाढी अपडेट : १३४४ को शव फेला, झण्डै ५ हजार अझै बेपत्ता

**खबर दर्पण समाचारदाता**
**भदौ १९ गते, वर्दिवास**




भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परेका १ हजार ३४४ को शव फेला परेको छ ।

नेपाल प्रहरीले सार्वजनिक गरेको पछिल्लो अद्यावधिक तथ्याङ्कअनुसार ४ हजार ८ सय ९८ जना अझै बेपत्ता रहेका छन्।

प्रहरीका अनुसार फेला परेका १,३४४ शवहरूमध्ये ४८९ पुरुष, २६९ महिला, ५२ बालक र ३३ बालिका रहेका छन्। अन्य ५०१ वटा शवका आंशिक अङ्गहरू फेला परेका छन्, जसको पहिचान हुन बाँकी छ। बेपत्ता हुने ४,८९८ जनामध्ये २,९३० जना नेपाली र ६१८ जना विदेशी नागरिक रहेका छन्। नेपाली बेपत्ताहरूमा २,४४८ पुरुष र ४८२ महिला रहेका छन्। १,३५० जनाको बेपत्ता भएको जानकारी फोनमार्फत प्राप्त भएको प्रहरीले जनाएको छ।

बाढी प्रभावित क्षेत्रबाट हालसम्म ८,६३१ जनाको जीवितै उद्धार गरिएको छ। उद्धार गरिएकाहरूमा ७,३८७ नेपाली र १,२४४ विदेशी नागरिक रहेका छन्। विस्थापित भएका ३,६५५ जनालाई हाल विभिन्न होल्डिङ सेन्टरहरूमा राखिएको छ।

खोज तथा उद्धार कार्यका लागि ७,२१२ जना प्रहरी जनशक्ति परिचालन गरिएको छ। उद्धारकै क्रममा ६५ जना प्रहरी कर्मचारीहरू बाढीबाट प्रभावित भएका छन् भने २५ जना प्रहरी अझै सम्पर्कविहीन रहेका छन्।

फेला परेका शवहरूमध्ये १,०३० वटाको जमिनमा गाडेर व्यवस्थापन गरिएको छ। मृतकको पहिचानका लागि डिएनए (म्ल्ब) संकलन कार्य पनि तीव्र पारिएको छ। हालसम्म १,२६० मृतक र ९७२ मृतकका आफन्त गरी कुल २,२३२ जनाको डिएनए नमुना संकलन गरिएको छ। पहिचान हुन नसकेका १,२७० जनाको विवरण वेबसाइटमा अपलोड गरिएको छ।

# कलश यात्रासहित बर्दिबासमा श्रीकृष्णाष्टमी पर्व सुरु




**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**भदौ १९ गते, महोत्तरी**

बर्दिबासमा शुक्रबार कलश यात्रासहित श्रीकृष्णाष्टमी पूजा सुरु भएको छ।

गोपाल सेवा समिति, नगर कार्यसमिति बर्दिबासको आयोजनामा निकालिएको कलश यात्रासँगै यस वर्षको श्रीकृष्णाष्टमी पूजा सुरु गरिएको हो।

बर्दिबास चोकबाट सुरु भएको कलश यात्रा लच्का हुँदै रातु खोलासम्म पुगेको थियो। यात्रामा गोपालवंशी परिवारका सदस्य तथा स्थानीय श्रद्धालु भक्तजन गरी करिब १५० देखि २०० जनाको सहभागिता रहेको आयोजकले जनाएको छ।

रातु खोलामा पुगेपछि सहभागीले पवित्र जल सङ्कलन गरी कलशमा राखेका थिए। त्यसपछि धार्मिक विधिअनुसार पूजा-आराधना गरी कार्यक्रम सम्पन्न गरिएको थियो। कलश यात्रामा बालबालिका, युवा, महिला तथा ज्येष्ठ नागरिकको समेत सहभागिता रहेको थियो।

गोपाल सेवा समिति, नगर कार्यसमिति बर्दिबासका पदाधिकारी विनोद यादवले धार्मिक आस्था र सांस्कृतिक परम्परासँग जोडिएको श्रीकृष्णाष्टमी पर्वलाई सामाजिक एकता र आपसी सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले मनाउन लागिएको बताउनुभयो। उहाँका अनुसार पर्वका अवसरमा तीन दिनसम्म विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ।

समितिले विगत चार वर्षदेखि बर्दिबासमा श्रीकृष्णाष्टमी पर्व मनाउँदै आएको जनाएको छ। यस वर्ष पूजा-आराधनासँगै भजन-कीर्तनलगायतका कार्यक्रमसमेत आयोजना गरिने आयोजकले जनाएको छ।

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८२५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,